# शैक्षिक सहायता सम्बन्धीकार्यविधि,

# २०७८

## बिजयनगर गाउँपालिका

गाउँकार्यपालिकाको कार्यालय

**खुरुहुरीया, कपिलबस्तु**

## विजयनगर राजपत्र

## विजयनगर गाउँपालिकाद्वारा प्रकाशित

## विजयनगर गाउँपालिका

## शैक्षिक सहायता सम्बन्धीकार्यविधि, २०७८

गाउँ कार्यपालिकाबाट स्वीकृति मितिः२०७८।११।१८

**प्रस्तावना** :विजयनगर गाउँपालिका क्षेत्र भित्र रहेका विपन्न तथा गरिबीको रेखामुनी रहेका, सामाजिक कुरीतिबाट पीडित बिध्यार्थीलाई आर्थिक सहायता दिन आर्थिक सहायता सम्बन्धी कार्यविधि तयार गर्न वाञ्छनीय भएकोले विजयनगर गाउँपालिकाले यो कार्यविधिबनाई लागु गरेको छ ।

### परिच्छेद १

### प्रारम्भिक

**१. संक्षिप्तनाम र प्रारम्भः**

(१) यस कार्यविधिको नाम"विजयनगर गाउँपालिका शैक्षिक सहायता सम्बन्धी कार्यविधि, २०७८" रहेको छ ।

(२) यो मापदण्ड तुरुन्त लागु हुनेछ ।

**२. परिभाषा** :विषय प्रसंगले अर्को अर्थ नलागेमा

क) "गाउँपालिका" भन्नाले विजयनगर गाउँपालिकालाई सम्झुन पर्दछ ।

ख) "गाउँकार्यपालिका" भन्नाले विजयनगर गाउँकार्यपालिकालाई सम्झनु पर्दछ ।

ग) "शैक्षिक सहायता पाउन योग्य व्यक्ति"भन्नाले गरिबीको रेखामुनी रहेको भनि प्रमाणित भएका, प्राकृतिक प्रकोपबाट पीडित तथा सामाजिक कुरितीबाट पीडित आधारभुत माध्यमिक तथा उच्च शिक्षा अध्ययन गर्ने व्यक्तिलाई सम्झिनु पर्दछ ।

घ) "प्रमुख प्रशासकीय अधिकृत" भन्नाले विजयनगर गाउँपालिकाको प्रमुख पशासकीय अधिकृत सम्झनु पर्दछ ।

ङ) **"अध्यक्ष"**भन्नाले विजयनगर गाँउपालिकाको गाउँपालिकाअध्यक्षलाई सम्झनुपर्छ ।

## परिच्छेद २

## शैक्षिक सहायता सम्बन्धी मापदण्ड

**३. निवेदन दिनु पर्ने :**

(१) यस कार्यविधिअनुसार शैक्षिक सहायता पाउने व्यक्ति वा संस्थाले प्रमाण सहित सम्बन्धीत वडाको सिफारिस समेत संलग्न राखि गाउँपालिका प्रमुखलाई निवेदन दिनु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम पेश भएको निवेदनमा आवश्यक छानवीन गर्दा शैक्षिक सहायता पाउन योग्य व्यक्तिलाई दफा  तपशिलमा उल्लेख भएबमोजिमको रकम उपलब्ध गराउन सकिनेछ ।

**४. आर्थिक रुपले अतिविपन्न बालबालिका लगायतका व्यक्तिलाई सहायता :**

(१) सामाजिक आर्थिक प्राकृतिक तथा मानवीय कारणले जोखिममा रहेका बालबालिकाहरुलाई गाउपालिका प्रमुखको निर्णयानुसार रु. ५,०००/– देखि १०,०००/– सम्मको रकम आर्थिक सहायतावापत उपलब्ध गराउन सकिनेछ ।

(२) उपदफा (१) मा उल्लेखित रकमभन्दा बढी रकम शैक्षिक सहायतावापत उपलब्ध गराउनु पर्ने भएमा गाउँकार्यपालिकाको निर्णयानुसारको रकम उपलब्ध गराउन सकिनेछ ।

**५. संस्थागत रुपमा दिइने आर्थिक सहायता :**

(१) गाउपालिकामा विभिन्न कारण देखाई शैक्षिक सहायता माग गरी परेका निवेदनका सम्बन्धमा शैक्षिक सहायता माग गर्नु पर्ने कारण उपर छानवीन गरी उपलब्ध गराउनु पर्ने भएमा गाउँपालिका प्रमुखको निर्णयानुसार रु. ५,०००/– सम्मको रकम शैक्षिक सहायता वापत उपलब्ध गराउन सकिनेछ ।

(२) उपदफा (१) मा उल्लेखित रकमभन्दा बढी रकम सहायता वापत उपलब्ध गराउनु पर्ने भएमा गाउँकार्यपालिकाको निर्णयानुसारको रकम उपलब्ध गराउन सकिनेछ ।

(१) दलित, पिछडीएको वर्ग र अल्पसंख्यक विपन्न विध्यार्थीको हकमा वेवास्तामा परेका नागरिकलाई गाउँपालिका प्रमुखको निर्णयानुसार रु. ५,०००/– सम्मको रकम शैक्षिक सहायता वापतको उपलब्ध गराउन सकिनेछ ।

(२) उपदफा (१) मा उल्लेख भएबमोजिमको रकमभन्दा बढी रकम शैक्षिक सहायता वापत उपलब्ध गराउनु परेमा गाउँकार्यपालिकाको निर्णयानुसारको रकम उपलब्ध गराउन सकिनेछ ।

## परिच्छेद ३

## विविध

**६. निवेदनको ढाँचा :** दफा , (३), (४), र (५), अनुसारको शैक्षिक सहायता माग गर्ने निवेदनको ढाँचा अनुसूची (१) र (२) मा तोकिए बमोजिम हुनु पर्नेछ ।

**७. अधिकार प्रत्यायोजन गर्न सकिने :** (१) यस कार्यविधिअनुसार शैक्षिक सहायता सम्बन्धी अधिकार गाउँकार्यपालिका र गाउँपालिका अध्यक्षले प्रमुख प्रशासकीय अधिकृतलाई प्रत्यायोजन गर्न सक्नेछ ।

**८. बाधा अड्काउ :** (१) यस कार्यविधिमा कुनै समस्या आएमा गाउँकार्यपालिकाको निर्णय बमोजिमहुनेछ ।साथै शैक्षिक सहायता सम्वन्धि यस अगाडी भएका सम्पुर्ण भुक्तानी यसै कार्यविधी बमोजिम भएको मानिने छ ।

# अनुसूची –१

मिति : ..................

श्रीमान् गाउँपालिका अध्यक्ष ज्यू,

विजयनगर गाउँपालिका

पिपरी, कपिलवस्तु ।

**विषय : शैक्षिक सहायता सम्बन्धमा ।**

महोदय,

प्रस्तुत विषयमा म .............................. आधारभुत माध्यमिक तथा उच्च शिक्षा अध्ययन गर्ने विध्यार्थी भई अध्ययनरत रहेको व्यहोरा अवगत गराउँदछु/छौं । अध्ययनको लागि म मेरो परिवारको आर्थिक अवस्था नाजुक भएकोले सो को लागि गाउँपालिकाले स्वीकृत गरेको कार्यविधिअनुसारको शैक्षिक सहायता उपलब्ध गराई दिनको लागि सम्बन्धित निकायमा सिफारिस समेत गरिदिनु हुन तपसिलका कागजातहरु यसै साथ संलग्न राखि पेश गर्दछु/गर्दछौं ।

**तपसिल**

१. सम्बन्धित व्यक्तिले यसै बमोजिमको ढाँचामा निवेदनदिनु पर्ने,

२. विपन्न विध्यार्थी हो भनी सम्बन्धित वडाको सिफारिस,

३. नागरिकता/जन्मदर्ता/शैक्षिक प्रमाणपत्रको प्रतिलिपि,

४. विधालयमा भर्ना भएको कागजातहरु र शुल्क विवरण,

५. अन्य आवश्यक कागजातहरु,

**निवेदक**

| सि.नं. | नाम, थर | ठेगाना | दस्तखत | कैफियत |
|---|---|---|---|---|
| | | | | |
| | | | | |
| | | | | |

## अनुसूची–२

**(दफा –१ सँग सम्बन्धित)**

मिति : ........................

श्रीमान् गाउँपालिका अध्यक्ष ज्यू,
विजयनगर गाउँपालिका
पिपरी, कपिलवस्तु ।

**विषय : शैक्षिक सहायता उपलब्ध गराईदिनु हुन ।**

महोदय,

प्रस्तुत विषयमा म/हामीहरुको ................................ भएको ...................... आधारभुत माध्यमिक तथा उच्च शिक्षा अध्ययन गर्ने व्यक्ति ................................ भएको व्यहोरा अवगत गराउँदछु/छौं । ............................ को आर्थिक अवस्था नाजुक भएको, तत्काल ................................... गर्न जरुरी रहेकोले .......................... को लागि तहाँ कार्यालयको नियमानुसार शैक्षिक सहायता उपलब्ध गराई ...................... समेत गरिदिनु हुन तपसिलका कागजातहरु यसै साथ संलग्न राखि पेश गर्दछु/गर्दछौं ।

**तपसिल**

१. विपन्नताको सिफारिस तथा प्रमाणित प्रतिलिपि,

२. नागरिकता/जन्मदर्ता/शैक्षिक प्रमाणपत्रको प्रतिलिपि,

३. ...............................................................................................................

...............................................................................................................

**निवेदक**

| सि.नं. | नाम, थर | ठेगाना | दस्तखत | कैफियत |
|---|---|---|---|---|
| | | | | |
| | | | | |

आज्ञाले

.................... नाम

प्रमुख प्रशासकिय अधिकृत